मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
बागमती प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

च.नं २६६९
प.सं ०७७/७८

मिति :२०७८/१/५

श्री सबै सहकारी संस्थाहरु
मन्थली नगरपालिका वडा नं (१-१४)

विषय: **सहकारी व्यवस्थापन (लेखा ,अभिलेख ,कानून तथा क्षमता विकास) तालिममा आवेदन दिने वारे।**

प्रस्तुत विषयमा यस मन्थली नगरपालिकालाई कार्यक्षेत्र वनाई नगरपालिका सरहद भित्र संचालनमा रहेका सबै सहकारी संस्थाहरु मध्ये मन्थली नगरपालिकामा **अध्यावधिक र सूचीकृत भएका सहकारी संस्थाहरुको लागी मात्र सहकारी व्यवस्थापन (लेखा ,अभिलेख ,कानून तथा क्षमता विकास ) ३ दिने** तालिम निकट भविष्यमा संचालन हुन गईरहेको हुँदा उक्त तालिममा सहभागी हुन इच्छुक तपसिलमा उल्लेखित आधारभित्र पर्ने सहकारी संस्थाका **दुईजना** ( कार्यसमिति वाट १ जना , लेखा हेर्ने कर्मचारी वा व्यवस्थापक वाट १ जना ) लाई तालिममा छनौट गरिने भएकोले पत्र प्रेषित मितिले ७ दिन भित्रमा आवेदन गर्नुहुन अनुरोध छ।

**तालिमको लागी आवेदन गर्न पुरा गर्नुपर्ने आधार वा कागजात :**

(१ ) सहकारी संस्था आ.व. २०७७/०७८ मा यस नगरपालिकामा अध्यावधिक सूचीकृत भएको हुनुपर्ने।

(२ ) आवेदन दिन चाहने इच्छुक आवेदकहरु मन्थली नगरपालिका भित्रको सहकारी संस्थाको पदाधिकारी व्यवस्थापक वा लेखा कर्मचारी हुनुपर्ने ।

(३ ) आवेदकले आवेदन गर्दा आफ्नो सहकारी संस्थाको आधिकारिक लेटर प्याडमा २ प्रति फोटो को साथमा संस्थाको सिफारिस सहित नगरपालिकामा आवेदन गर्नुपर्ने।

(४) आवेदकले आफ्नो परिचय खुल्ने प्रमाणपत्र( नागरिकता , मतदाता परिचयपत्र वा यस्तै सरकारी निकायले जारी गरेको परिचयपत्र ) समाबेश गरी आवेदन गर्नुपर्ने।

(५) कोरोना भाईरस ( कोभिड-१९ )को प्रकोपलाई ध्यानमा राखी भौतिक दूरी र अन्य सुरक्षात्मक उपायहरु कायम गरी कार्यक्रममा आउन प्रतिवद्द हुनुपर्ने।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

च.नं
प.सं ०७७/७८

**ख. सहभागीको सुविधा सम्बन्धी व्यवस्था**

१. सहभागीको लागी यस नगरपालिका वाट दैनिक भत्ता , खाना ,खाजा र आवासको व्यवस्था नगरपालिकाको नियमानुसार हुनेछ ।

२. तालिमको लागी छनौटमा परि नियमित रूपमा उपस्थित नहुने सहभागीलाई नगरपालिकाले भत्ता र कुनै सुविधा उपलव्ध गराउने छैन ।

पुनश्चः मन्थली नगरपालिका सरहद भित्र संचालनमा रहेका र यस नगरपालिकामा अध्यावधिक सुचिकृत सहकारी संस्थाको सिफारिस सहित आवेदन प्राप्त भएपछि नगरपालिकाको निर्णयानुसार मात्र निश्चित उम्मेदवारलाई तालिममा छनौट गरिनेछ । छनौट भएका उम्मेदवारले मात्र तालिममा सहभागी हुन पाउनेछन ।

थप जानकारीका लागी : उज्वल पोखरेल, अधिकृत

सम्पर्क नं ९८४१९३२०२४

.............................................

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्रीमान् नगरप्रमुख ज्यू अवगतार्थ ।

श्री वडा कार्यालय (सबै ) , प्रस्तुत पत्र वडा कार्यालय मार्फत सम्बन्धितमा प्रवाह गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा - वेवसाईट, म.न.पा.को पेज र वडा कार्यालयमा पत्र प्रेषण गर्नुहुन ।